दशैं:
विपत्तिबीच
आशाको
उज्यालो

ओमप्रकाश गौतम ३

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

ठूलो ट्याङ्कीमा
कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

❑ वर्ष-२१ ❑ अंक - २५९ ❑ २०८३ असोज २३ गते शुक्रबार ❑ Friday, 09 Oct. 2026 ❑ मूल्य ७ /-

एमालेमा भण्डारीको पूनरागमन

दमक/ पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी ११ वर्षपछि पुनः एमालेको सक्रिय राजनीतिमा फर्किएकी छन् । बिहीबार पार्टी कार्यालय च्यासलमा वरिष्ठ नेताको हैसियतमा शपथ लिएपछि स्थायी कमिटी बैठकमा सहभागी भएसँगै भण्डारीको एमालेको सक्रिय राजनीतिमा औपचारिक पुनरागमन भएको हो । २०७२ साल कात्तिकमा राष्ट्रपति बन्नुअघिसम्म भण्डारी नेकपा एमालेको उपाध्यक्ष थिइन् । त्यसपछि उनी लगातार २०७९ फागुन २५ गतेसम्म राष्ट्रपतिकै भूमिकामा रहिन् ।

घरमै बन्दुक बनाएर बेच्ने लिम्बू पत्राउ

लेटाङ/ मोरङको लेटाङमा घरमै आरन सञ्चालन गरी बन्दुक बनाउँदै आवश्यक पर्ने व्यक्तिलाई बिक्री गर्ने गरेको आरोपमा प्रहरीले एक जनालाई पत्राउ गरेको छ ।

पत्राउ पर्नेमा लेटाङ नगरपालिका-७ वाराङ्गी कोलाघारीका पूर्णबहादुर लिम्बू रहेका छन् । प्रहरीलाई लिम्बूले घरमै बन्दुक बनाएर बिक्री गर्ने गरेको सूचना प्राप्त भएपछि इलाका प्रहरी कार्यालय लेटाङको टोलीले उनको घरमा खानतलासी गरेको थियो । खानतलासीका क्रममा प्रहरीले घरमै बनाइएको एक थान भरूवा बन्दुक, एक थान दबासवाला बन्दुक, हतियार निर्माण गर्ने आरन तथा बन्दुकका विभिन्न पार्टपुर्जा बरामद गरेको छ ।

प्रहरीका अनुसार लिम्बूले घरमै आरन थापेर भरूवा बन्दुक निर्माण गरी बिक्री गर्दै आएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता प्रहरी नायब उपरीक्षक मकेन्द्रकुमार मिश्रका अनुसार पत्राउ परेका लिम्बूमाथि घटनाबारे थप अनुसन्धान भइरहेको छ ।

फरार रहेका १६ पत्राउ

दमक/ विभिन्न मुद्दामा अदालतबाट दोषी ठहर भई फरार रहेका १६ जना प्रतिवादीहरूलाई प्रहरीले पत्राउ गरेको छ ।

अपराध नियन्त्रण, शान्ति सुरक्षा कायम तथा कानुन कार्यान्वयनका लागि परिचालित प्रहरी टोलीले खोजतलासका क्रममा असोज २१ गते उनीहरूलाई पत्राउ गरेको हो । कोशी प्रदेश प्रहरीका अनुसार पत्राउ पर्नेहरूमा मोरङबाट १० जना, झापाबाट ४ जना, सुनसरीबाट १ जना र ओखलढुङ्गाबाट १ जना रहेका छन् ।

पत्राउ परेका प्रतिवादीहरूबाट ५ वर्ष ३ महिना ११ दिन कैद सजाय र ३ लाख ३४ हजार ५ सय रूपैयाँ जरिवाना असुलउपर भएको प्रहरीले जनाएको छ । उनीहरूलाई तोकिएको कैद सजाय भुक्तानका लागि कारागार चलान गरिएको छ ।

स्वीकृत भाडादरभन्दा सस्तोमा टिकट बिक्री गरिने

दमक/ नजिकिँदो चाडपर्वको मौका छोपेर आन्तरिक हवाई भाडा बढाएको गुनासो आएपछि स्वीकृत भाडादरभन्दा सस्तोमा टिकट बिक्री गर्न वायुसेवा कम्पनीहरु सहमत भएका छन् ।

प्रधानमन्त्री वालेन्द्र शाहको निर्देशन र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेल (गनेस)को सक्रियतामा नेपाल नागरिक उययन प्राधिकरण (क्यान)ले बिहीबार सम्बन्धित आन्तरिक वायुसेवा कम्पनीका पदाधिकारी तथा प्रतिनिधिलाई छलफलमा बोलाएको थियो ।

चाडपर्वको मुखमा घिउ र नौनीको कृतिम अभाव

बाढी पहिरोका कारण पहाडको दुध तराई ल्याउन कठिन

पूर्वसन्देश समाचार

दमक/ बाढी पहिरोका कारण पहाडको दुध तराई ल्याउन कठिन भएपछि तराइका बजारहरूमा दुध र घ्युजन्य पदार्थ अभाव भएको छ । नेपालीहरूको महान् चाड दसैं र तिहार नजिकिँदै गर्दा बजारमा घिउ, नौनी (मक्खन) तथा धुलो दुध (पाउडर) को चरम अभाव देखिएको छ । चाडबाडको मौसम सुरू भएसँगै माग ह्वात्तै बढे पनि आपूर्ति सोही अनुसार हुँदा एक महिनाकै अवधिमा घिउको मूल्य प्रतिकिलो दुई सय रूपैयाँसम्मले बढेको छ ।

चर्को मूल्य तिर्न तयार हुँदासमेत सर्वसाधारण उपभोक्ता तथा मिठाइ व्यवसायीले बजारमा सहजै घिउ पाउन सकेका छैनन् । ब्यवसायीले घिउ महँगो मुल्यमा बेच्न कृतिम अभाव सृजना गरेको उपभोक्ताको गुनासो छ ।

पहाडमा दुध उत्पादन भइरहेको छ तर पहुँच नपुगेर खेर गइरहेको छ । हामी भने अहिले संखुवासभा र धनकुटातिर संकलन बढाउँदैछौं ।' यसबाहेक झापालगायतका क्षेत्रमा खुलेका छुर्पी उद्योगहरूले दैनिक ३० देखि ४० हजार लिटर दुध खपत गरिरहेकाले पनि डेरी उद्योगहरूमा घिउ बनाउने दुध र नौनीको अभाव भएको निजी उद्योगीहरूको भनाइ छ । कच्चा पदार्थको चरम अभावकै कारण कामधेनु सहकारीको धुलो दुध उत्पादन गर्ने पाउडर प्लान्ट नियमित चलाउन छोडेको छ । धुलो दुधको अभावले चाडबाडमा दही उत्पादनसमेत प्रभावित हुने जोखिम बढेको छ ।

आर्थिक वर्ष २०७९/०८० को तथ्यांक अनुसार कोशी प्रदेशमा दुध दिने गाईको संख्या ५ लाख १० हजार ३२ र भैंसीको संख्या २ लाख ८७ हजार ९६८ छ । उक्त संख्याबाट कोशी प्रदेशको औपचारिक क्षेत्रमा दैनिक ५ लाख ७५ हजार ५०४ लिटर दुध उत्पादन हुन्छ । अनौपचारिक क्षेत्रमा गणना नभएको दुधसमेत जोड्दा थप ५ लाख लिटर उत्पादन हुने अनुमान छ ।

विगतमा कोशी प्रदेशका बजारमा निजी डेरी तथा सहकारी संस्थाहरूले प्रतिकेजी ७५० रूपैयाँमा नौनी बिक्री गर्दै आएका थिए भने उद्योगहरूका कोल्डस्टोरमा लाखौं किलो घिउ मौज्दात रहने गर्थ्यो,

बाँकी ४ पेजमा ▸▸

कांग्रेस महाधिवेशन : शुक्रबार बिहानलाई सऱ्यो मतदान

दमक/ नेपाली कांग्रेसको १५ औं महाधिवेशनअन्तर्गत नयाँ केन्द्रीय कार्यसमिति चयनका लागि शुक्रबार बिहान मात्र मतदान हुने भएको छ । यसअघि बिहीबार मतदान हुने भनिए पनि पटक पटक समय सारिदै आएको थियो । तर बिहीबार मतदान हुन सक्ने अवस्था नदेखिएपछि निर्वाचन समितिले आज शुक्रबार बिहान ७ बजेदेखि मतदान हुनेगरी नयाँ तालिका बनाएको छ ।

यसअघि निर्वाचन समितिले बिहीबार बिहान ७ बजेदेखि नै मतदान शुरु गर्ने कार्यतालिका तय गरेको थियो । तर, वर्षा र प्राविधिक कारण देखाउँदै बिहान १० बजेका लागि समय सारिएको थियो । तर १० बज्नुअगावै आवश्यक तयारीका लागि भन्दै निर्वाचन समितिले समय थप पर सारेर दिउँसो १ बजे पुऱ्याएको थियो। त्यसपछि पनि फेरि एक घण्टा पर धकेलेर २ बजेलाई पुऱ्याइएको थियो । तर प्राविधिक कारण बिहीबार मतदान हुन नसक्ने भएपछि शुक्रबारका लागि सारिएको छ । काठमाडौंको राष्ट्रिय सभा गृह र खुलामञ्चमा मतदानका लागि आवश्यक बुथहरु निर्माण गरिएका छन् ।

समाचार सच्याइएको छ

बुधबार साँझमा नेपाली कांग्रेसको १५ औं महाधिवेशनबाट गगन थापा निर्विरोध भएको सन्दर्भ सामाजिक सञ्जालमा भाइरल बन्यो । झापा कांग्रेसका उच्च स्तरीय नेतादेखि देश/विदेशबाट प्रतिनिधित्व गरेका कांग्रेसका महाधिवेशन प्रतिनिधिहरूले बधाई तथा शुभकामना सामाजिक सञ्जालमा हालेको देखियो । त्यसैलाई आधार मानेर हामीले पनि समाचार बनायौं । तर गगन थापासँग प्रतिष्पर्धामा उत्रिएका श्यामकृष्ण खड्गीको बिहीबार राती अर्को ट्वीस्ट आयो । उनले भने- 'मैले उम्मेदवारी फिर्ता लिइएको छैन' । अन्नतः समाचारले अर्को मोड लियो । उक्त समाचारमा भ्रम नपरोस, कांग्रेसको चुनावी प्रतिष्पर्धा आज तोकिएको छ । हेरौं परिणाम कस्तो आउने हो ।

४ करोड बढीका अवैध सामान झापामा बरामद

दमक/ झापामा सशस्त्र प्रहरीले चालु आर्थिक वर्षको तीन महिनामा भन्सार छली तथा अवैध चोरी(निकासी र पैठारीका ४ करोड १५ लाख रूपैयाँभन्दा बढी मूल्यका सामान बरामद गरेको छ । बरामद सामानसहित चार जनालाई नियन्त्रणमा लिइएको छ भने ३५ वटा सवारीसाधन आवश्यक कारबाहीका लागि सम्बन्धित भन्सार कार्यालयमा बुझाइएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नं. २ गण हेडक्वार्टर झापाका अनुसार आर्थिक वर्ष २०८३/८४ को साउनदेखि असोजसम्म ४ करोड १५ लाख ६२ हजार ३७३ रूपैयाँ मूल्य बराबरका अवैध सामान बरामद गरिएको हो । गणका अनुसार साउनमा १ करोड ५५ लाख ५ हजार ६२६ रूपैयाँ, भदौमा १ करोड ४८ लाख १ हजार ८१८ रूपैयाँ र असोजको हालसम्म १ करोड १२ लाख ५४ हजार ९२९ रूपैयाँ मूल्यका सामान बरामद भएका छन् ।

गत आर्थिक वर्ष २०८२/८३ को सोही अवधिमा २ करोड २० लाख ८९ हजार ५७८ रूपैयाँ मूल्य बराबरका अवैध सामान बरामद भएका थिए। यसरी अघिल्लो वर्षको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा बरामद अवैध सामानको मूल्य झन्डै दोब्बर भएको छ ।

सशस्त्र प्रहरी उपरीक्षक सचिन कर्माचार्यले सीमा क्षेत्रमा हुने भन्सार छली, चोरी-निकासी तथा पैठारी

नियन्त्रणका लागि निगरानी र सुरक्षा परिचालन बढाइएको बताए। भन्सार, नेपाल प्रहरीलगायत सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्दै सीमा क्षेत्रबाटै अवैध गतिविधि नियन्त्रणलाई प्राथमिकता दिइएको उनले बताए ।

बाँकी ४ पेजमा ▸▸

वार्षिक प्रतिवेदन पेस गर्ने तयारीमा कोशी प्रदेश

दमक/ कोशी प्रदेश सरकारको मन्त्रिपरिषद्को बैठकले प्रदेश योजना आयोगको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन कोशी प्रदेशसभामा पेस गर्ने निर्णय गरेको छ ।

कोशी प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री गोम्बु शेर्पाकाअनुसार बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको प्रदेश सचिव रामकृष्ण अधिकारीलाई अर्को व्यवस्था नभएसम्म सामजिक विकास मन्त्रालयको कामसमेत गर्ने गरी जिम्मेवारी तोकेको छ ।

प्रदेश आर्थिक कार्य विधि तथा वित्तीय उत्तरदायी ऐन, २०७८ को दफा ४७ तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी निमयमावली, २०७९ को नियम १११ बमोजिम मोरङको प्रमुख जिल्ला अधिकारीको अधिकार क्षेत्रमा बसेको मिनाह सिफारिस समितिले निर्णय गरेर कोशी प्रदेशसभा सचिवालय जेनजी आन्दोलनबाट नष्ट भएका अचल सम्पत्ति मिनाह गर्ने निर्णय भएको प्रवक्ता मन्त्री शेर्पाले बताए ।

उनका अनुसार कोशी प्रदेशमा अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी विधेयक तर्जुमा सिद्धान्त स्वीकृत गर्ने र कोशी प्रदेश स्वास्थ्य मन्त्रालयअन्तर्गत निकायका आव २०८३/८३ को अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय भएको जानकारी दिए ।०

कृषिमा वर्षेनी खबौं खर्च, तर किसानको अवस्था उस्तै

दमक/ किसानले सधैं मल अभाव झेल्नुपर्ने नियति सुल्झन सकेको छैन । किसानले असारको धान रोपाइँमा पनि मल अभाव भोगेका थिए भने अहिले धान गोडमेल गर्ने मुख्य समयमा पनि मागेजति युरिया मल नपाएको गुनासो कायमै छ ।

किसानले एक बोरा मलका लागि आफ्नो कामधन्दा छाडेर घण्टौं लाइनमा उभिनुपर्ने बाध्यता आजको मितिसम्म हटेको छैन । अवस्था कतिसम्म विडम्बनापूर्ण छ भने एक महिना अघि मात्रै स्वदेशमा मल नपाएपछि बाध्य भएर भारतीय बजारमा मल किन्न पुगेका मधेस प्रदेशका दुई किसानले करिब तीन साता भारतमा थुनामा बस्न बाध्य भएका थिए ।

राज्यले अबौं रूपैयाँ खर्च गरेर पनि आफ्ना किसानलाई छिमेकी देशमा गएर पत्राउ पर्नुपर्ने अवस्थाबाट जोगाउन नसक्नुले मल वितरण प्रणालीको गम्भीर असफलता चित्रित गर्छ ।

स्वदेशमै मल कारखाना खोल्ने बहस फेरि सतहमा

१४ असोज २०८३ मा इन्जिनियरिङ पृष्ठभूमिका सांसदहरूसँग सिंहदरबारमा भएको छलफलमा प्रधानमन्त्री बालेन शाहले नेपालमा मल कारखाना खोल्ने प्रक्रिया अघि बढिसकेको जानकारी दिएका थिए ।

वर्तमान सरकारले निजी क्षेत्रसँगको सहकार्यमा मल कारखाना स्थापना गर्ने र त्यसका लागि आवश्यक नीतिगत, कानुनी र भन्सार सुधारका काम गर्ने प्रतिबद्धता समेत जनाएको छ ।

बर्सेनि विदेशी बजारमा डलर तिरेर मल ल्याउने र देशको बजेट अनुदानमै सिध्याउने प्रवृत्ति अन्त्य गर्न स्वदेशमै रासायनिक मल कारखाना खोल्ने

बाँकी ४ पेजमा ▸▸

दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान
ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !

आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाकटर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ।

सेवामा आवद्ध डाक्टरहरु

- डा. हेम राज गैरे
- डा. सि.पि. गैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

सम्पादकीय

बालबालिकाको व्यवहारमा ध्यान दिन आवश्यक

बालबालिकाको हातमा किताब र कलम हुनुपर्ने हो, श्रमको बोझ होइन । विद्यालय जाने उमेरका बालबालिका होटल, कारखाना, निर्माणस्थल, कृषि क्षेत्र, घरेलु काम वा सडकमा श्रम गरिरहेको दृश्य कुनै पनि सभ्य समाजका लागि सामान्य हुन सक्दैन । तर नेपालमा बालश्रम अझै पनि गम्भीर सामाजिक समस्याका रुपमा विद्यमान छ । कोशी प्रदेशका २४ वटा स्थानीय तहले बालश्रममुक्त घोषणा गर्न आवश्यक कार्यक्रम, पहिचान, अनुगमन र तयारी अघि बढाएको समाचार सकारात्मक सुरूआत हो । संघीय सरकारले त्यसका लागि पहिलो चरणमा तीन लाख र बालश्रममुक्त घोषणा भएपछि आवश्यक कार्यक्रम सञ्चालन गर्न थप दुई लाख रूपैयाँ अनुदान दिने व्यवस्था गर्नु पनि स्थानीय तहलाई जिम्मेवार बनाउने प्रयास हो । तर रकम र घोषणा आफैँमा समाधान होइनन् ।

उपलब्ध तथ्यांकले समस्या अझ गम्भीर रहेको देखाउँछ । नेपाल श्रमशक्ति सर्वेक्षण तथा राष्ट्रिय बालश्रमसम्बन्धी तथ्यांकअनुसार नेपालमा पाँचदेखि १७ वर्ष उमेर समूहका ठूलो संख्याका बालबालिका आर्थिक गतिविधिमा संलग्न छन् । जोखिमपूर्ण काममा संलग्न बालबालिकाको अवस्था अझ संवेदनशील छ । बालश्रमले उनीहरुको शिक्षा, स्वास्थ्य, सुरक्षा र भविष्यमा प्रत्यक्ष असर पार्छ । गरिबी, अभिभावकको बेरोजगारी, कमजोर पारिवारिक अवस्था, विद्यालयबाट हुने बाहिरिने क्रम र श्रम बजारमा सस्तो श्रमको माग बालश्रमका प्रमुख कारण हुन् ।

अझ चिन्ताजनक कुरा के हो भने बालश्रम प्रायः अदृश्य क्षेत्रमा हुन्छ । घरभित्रको श्रम, कृषि, साना होटल तथा पसल, घरेलु काम र अनौपचारिक क्षेत्रमा काम गर्ने बालबालिकाको पहिचान गर्न कठिन हुन्छ । त्यसैले कुनै पालिकाले केही स्थानमा अनुगमन गरेर बालश्रम भेटिएन भन्नु र वास्तविक अर्थमा बालश्रममुक्त हुनु फरक कुरा हो ।

देशभर २१ लाखभन्दा बढी बालबालिका जोखिममा रहेको कार्यक्रममा प्रस्तुत तथ्यांक र हालसम्म १४ वटा पालिका मात्र बालश्रममुक्त घोषणा भएको अवस्थाले संघ, प्रदेश र स्थानीय तहका लागि ठूलो चुनौती देखाउँछ । कोशी प्रदेशमा इलामको सूर्योदय नगरपालिका र भोजपुरको पौवादुङमा गाउँपालिका बालश्रममुक्त घोषणा हुनु उदाहरण हो । तर घोषणा भएका पालिकामा बालश्रम पुनः देखा पर्न नदिने निरन्तर अनुगमन र सामाजिक निगरानी अझ महत्वपूर्ण हुन्छ ।

बालश्रम अन्त्य गर्ने जिम्मेवारी सरकारको मात्र होइन । विद्यालय, अभिभावक, रोजगारदाता, नागरिक समाज, सञ्चारमाध्यम र स्वयं समुदायको भूमिका उत्तिकै महत्वपूर्ण छ । स्थानीय तहले बालश्रममुक्त घोषणा गर्नुअघि प्रत्येक टोल, वडा र जोखिमयुक्त क्षेत्रमा वास्तविक अवस्था पहिचान गर्नुपर्छ । बालश्रममा रहेका बालबालिकालाई केवल कामबाट हटाएर पुग्दैनह्य उनीहरुलाई विद्यालयमा फर्काउने, परिवारको आयआर्जनमा सहयोग गर्ने र सामाजिक सुरक्षासँग जोड्ने व्यवस्था पनि आवश्यक हुन्छ । त्यसैगरी रोजगारदातामाथि कानुनको प्रभावकारी कार्यान्वयन हुनुपर्छ । बालश्रमिक राखेर उत्पादन वा सेवा सञ्चालन गर्ने प्रवृत्तिलाई सामाजिक रुपमा समेत निरूत्साहित गर्नुपर्छ । अनुगमनका क्रममा बालबालिका भेटिएपछि केही दिनका लागि काम रोक्ने र त्यसपछि पुरानै अवस्था फर्किने प्रवृत्तिले बालश्रम अन्त्य हुँदैन ।

बालश्रममुक्त पालिका घोषणा एउटा लक्ष्यको अन्त्य होइन, निरन्तर प्रक्रियाको सुरूआत हो । त्यसैले संघीय सरकारले दिएको तीन वा पाँच लाख रूपैयाँभन्दा ठूलो कुरा स्थानीय तहको इच्छाशक्ति, तथ्यांकमा आधारित योजना र निरन्तर अनुगमन हो । नेपालले समृद्धिको सपना देखिरहँदा त्यसको मूल्य बालबालिकाको श्रमबाट तिर्न मिल्दैन । समृद्ध राष्ट्रको पहिलो आधार नै सुरक्षित, शिक्षित र स्वस्थ बालबालिका हुन् । त्यसैले अब पालिकाहरुले 'बालश्रममुक्त' लेखिएको बोर्ड राख्ने प्रतिस्पर्धाभन्दा बालबालिकालाई वास्तवमै श्रमबाट मुक्त गर्ने प्रतिस्पर्धा सुरू गर्नुपर्छ । घोषणा कागजमा हुन सक्छह्य तर बालश्रममुक्त समाजको प्रमाण बालबालिकाको हातमा देखिने किताब, विद्यालयमा देखिने उनीहरुको उपस्थिति र सुरक्षित बाल्यकालमा मात्र हुनेछ ।

दशैं: विपत्तिबीच आशाको उज्यालो

ओमप्रकाश गौतम
omgautam2078@gmail.com

यस वर्ष धानको उत्पादन र भविष्यबारे मौसमको अनिश्चितताले चिन्ता थपेको छ । खाद्य तथा कृषि संगठनले २०२६ को धान उत्पादनको सम्भावनालाई मौसममा निर्भर र अनिश्चित रहेको उल्लेख गरेको छ । अघिल्लो वर्ष पनि नेपालको धान उत्पादन ५७ लाख टन अनुमान गरिएको थियो, जुन २०२४ को तुलनामा ४.२ प्रतिशत कम थियो । किसानले महँगो मल, बीउ, औषधि, मजदुरी र सिँचाइको लागत बेहोर्नुपर्छ । प्राकृतिक विपत्तिले बाली नष्ट गरिदिन्छ । बजारमा उपभोक्ताले महँगो मूल्य तिर्छ, तर उत्पादन गर्ने किसानले त्यसको उचित हिस्सा नपाउने अवस्था दोहोरिइरहन्छ भने हाम्रो कृषि प्रणालीमाथि प्रश्न उठ्छ ।

दशैं आउँदा नेपाली मनमा एउटा छुट्टै उज्यालो छाउँछ । वर्षभरिका दु:ख, थकान र व्यस्ततालाई केहीबेर बिर्सिएर परिवारसँग बस्ने, मान्यजनको हातबाट टीका-जमरा ग्रहण गर्ने, आशीर्वाद लिने र आफन्तसँग सम्बन्ध नवीकरण गर्ने अवसरका रूपमा हामी बडादशैंलाई मनाउँदै आएका छौं । दु:खमा पनि खुसी खोज्न सिकाउने हाम्रा चाडपर्वमध्ये दशैंको स्थान अझ विशेष छ ।

दशैं केवल टीका, जमरा, नयाँ कपडा र मीठो खानाको पर्व होइन । यो पुनर्मिलनको पर्व हो, आशीर्वादको पर्व हो, सद्भाव र आत्मीयताको पर्व हो । आफूभन्दा ठूलाबाट शुभाशिष लिने, दैवी शक्तिसँग रोग-व्याधि हटोस्, परिवारमा सुख-शान्ति रहोस् र जीवनमा समृद्धि आओस् भन्ने कामना गर्ने हाम्रो परम्परा हो । विविध जाति, भाषा, धर्म र संस्कृतिले भरिएको नेपाली समाजलाई जोड्ने साझा भावनात्मक सेतुका रूपमा पनि दशैंलाई लिन सकिन्छ ।

तर यसपटकको दशैंको आकाशमा खुसीसँगै पीडाका बादल पनि छन् ।

अगस्ट २६ को विनाशकारी बाढीले नेपाललाई दिएको घाउ अझै ताजा छ । पछिल्लो सरकारी विवरणअनुसार त्यस विपत्तिमा १,४५५ जनाको मृत्यु भएको छ भने ५,२८५ जना अझै बेपत्ता छन् । करिब ३३ हजार मानिस प्रत्यक्ष प्रभावित भएका छन् र हजारौं घरमा क्षति पुगेको छ । उद्धारको चरण सकिएर अहिले पुन:स्थापना र पुनर्निर्माणतर्फ मुलुक अघि बढ्दैछ । त्यो तथ्यांक केवल संख्या होइन । हरेक अंकभित्र एउटा परिवार छ, एउटा घर छ, एउटा सपना छ, एउटा अधुरो दशैं छ ।

कतिपय परिवारका लागि यसपटक नयाँ कपडा किन्नुभन्दा सुरक्षित छानो खोज्नु ठूलो आवश्यकता बनेको छ । घरमा मासु र मिठाइको तयारी गर्नुपर्ने बेला कतिपय परिवार घर कसरी बनाउने, खेत कसरी जोगाउने र गुमेको आम्दानी कसरी फर्काउने भन्ने चिन्तामा छन् । बाढीले कृषि क्षेत्रलाई समेत गम्भीर असर पारेको छ । भोटेकोशी-त्रिशूली बाढीबाट मात्रै १,६६९ हेक्टरमा लगाइएको धानबाली प्रभावित भएको र करिब ५,८४३ टन धान उत्पादनमा क्षति पुगेको प्रारम्भिक मूल्यांकन छ । कृषि बालीको क्षति करिब एक अर्ब नौ करोड रुपैयाँ बराबर अनुमान गरिएको छ । त्यसैले यसपटक हामीले दशैंको खुसी मनाउँदै गर्दा पीडामा रहेका नेपालीलाई पनि सम्झनुपर्छ ।

दशैं नजिकिँदै गर्दा बजारमा चहलपहल बढ्नु स्वाभाविक हो । कपडा, जुत्ता, खाद्यान्न, फलफूल, मासु, मिठाईदेखि यातायातसम्मको माग बढ्छ । तर आम्दानी त्यही अनुपातमा बढेको छैन । नेपाल राष्ट्र बैंकका पछिल्ला सूचकमा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.०८ प्रतिशत देखिए पनि पछिल्लो एक महिनाको खाद्य तथा पेय पदार्थ मुद्रास्फीति ६.७७ प्रतिशत पुगेको छ । अर्थात् उपभोक्ताको दैनिक भान्सासँग जोडिएका वस्तुको मूल्यवृद्धिको दबाब अझै महसुस भइरहेको छ ।

वर्षभरि घरखर्च धान्न संघर्ष गर्ने परिवारका लागि दशैंको अतिरिक्त खर्च सामान्य कुरा होइन । बालबालिकाका लागि नयाँ कपडा, आफन्तका लागि दक्षिणा, गाउँ जाने यातायात, घरमा पाहुना र चाडपर्वका परिकार–यी सबै खर्च एकैपटक आउँछन् । कतिपय अभिभावक सन्तानको अनुहारमा खुसी देख्न ऋण लिन बाध्य हुन्छन् । चाड सकिएपछि त्यही ऋण तिर्न फेरि अर्को वर्षसम्म संघर्ष गर्नुपर्ने अवस्था आउन सक्छ । त्यसैले दशैंलाई खर्चको प्रतिस्पर्धा होइन, क्षमताअनुसार खुसी बाँड्ने पर्व बनाउनुपर्छ ।

सामाजिक सञ्जालले पनि हाम्रो चाडपर्वको शैली परिवर्तन गरिरहेको छ । अरूले लगाएको कपडा, खाएको परिकार, घुमेको ठाउँ र गरेको खर्चसँग आफ्नो जीवन तुलना गर्ने प्रवृत्तिले अनावश्यक आर्थिक दबाब सिर्जना गर्छ । एउटा परिवारका लागि सामान्य देखिने खर्च अर्को परिवारका लागि ठूलो बोझ हुन सक्छ । दशैं अरूलाई देखाउने पर्व होइन, आफ्नालाई सम्झने पर्व हो ।

दशैं भन्नासाथ घर सम्झिन्छौं । तर लाखौं नेपालीका लागि घर फर्किने इच्छा भएर पनि फर्किन सम्भव छैन । रोजगारी, परिवारको भविष्य र आर्थिक बाध्यताका कारण नेपालीहरू संसारका विभिन्न मुलुकमा श्रम गरिरहेका छन् । उनीहरूले पठाएको पैसाले नेपालका हजारौं घरमा चुलो बल्छ, बालबालिकाको पढाइ चल्छ र दशैंको खर्च जुट्छ । तर परिवारले टीका लगाइरहँदा उनीहरू काममा हुन्छन् ।

भिडियो कलमा देखिएको निधारको टीका र जमरा वास्तविक भेटको विकल्प बन्न सक्दैन । परिवारको खुसीका लागि आफ्नो खुसी परदेशमा छोडेका ती नेपाली श्रमिकलाई दशैंले सम्झनुपर्छ ।

नेपालको अर्थतन्त्रमा विप्रेषणको योगदान पनि ठूलो छ । नेपाल राष्ट्र बैंकका पछिल्ला सूचकअनुसार कामदारको विप्रेषण कुल गार्हस्थ्य उत्पादनको ३५.८ प्रतिशत बराबर रहेको छ ।

त्यसैले दशैंको शुभकामना दिँदा परदेशमा पसिना बगाइरहेका नेपालीको योगदानलाई बिर्सन मिल्दैन । दशैंमा हामीले खाने चामल, तरकारी, फलफूल र मासुको पछाडि किसानको पसिना हुन्छ । तर किसान आफैँले आफ्नो उत्पादनको उचित मूल्य पाएको छ कि छैन भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ ।

यस वर्ष धानको उत्पादन र भविष्यबारे मौसमको अनिश्चितताले चिन्ता थपेको छ । खाद्य तथा कृषि संगठनले २०२६ को धान उत्पादनको सम्भावनालाई मौसममा निर्भर र अनिश्चित रहेको उल्लेख गरेको छ । अघिल्लो वर्ष पनि नेपालको धान उत्पादन ५७ लाख टन अनुमान गरिएको थियो, जुन २०२४ को तुलनामा ४.२ प्रतिशत कम थियो । किसानले महँगो मल, बीउ, औषधि, मजदुरी र सिँचाइको लागत बेहोर्नुपर्छ । प्राकृतिक विपत्तिले बाली नष्ट गरिदिन्छ । बजारमा उपभोक्ताले महँगो मूल्य तिर्छ, तर उत्पादन गर्ने किसानले त्यसको उचित हिस्सा नपाउने अवस्था दोहोरिइरहन्छ भने हाम्रो कृषि प्रणालीमाथि प्रश्न उठ्छ ।

दशैंको शुभकामना किसानको घरसम्म पुग्नुपर्छ । किसानको खेतमा हरियाली र घरमा चुलो बल्ने वातावरण बन्नुपर्छ ।

दशैंमा लाखौं नेपाली सहरबाट गाउँ फर्किन्छन् । वर्षभरि परिवारबाट टाढा रहेका मानिसका लागि घर फर्किनु नै सबैभन्दा ठूलो खुसी हो । तर बाढीपहिरोपछि धेरै सडक र पुल प्रभावित भएका छन् । सेप्टेम्बरको अन्तिम सातामा मात्रै बाढी, पहिरो र भारी वर्षासँग सम्बन्धित सयौं घटना भएका थिए र विभिन्न प्रमुख सडकखण्डमा यातायात प्रभावित भएको थियो ।

चाडपर्वको भीडमा यात्रुको बाध्यताको फाइदा उठाएर महँगो भाडा असुल्ने, क्षमताभन्दा बढी यात्रु राख्ने वा असुरक्षित सवारी चलाउने काम कुनै हालतमा स्वीकार्य हुनु हुँदैन । घर फर्किने हरेक नेपाली सुरक्षित रूपमा परिवारको बीचमा पुग्न पाउनु नै राज्यको पहिलो जिम्मेवारी हो । दशैंका बेला बजार अनुगमन अझ प्रभावकारी हुनुपर्छ । कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी गर्ने, म्याद गुज्रिएका वस्तु बिक्री गर्ने, मूल्यसूची नराख्ने वा उपभोक्तालाई ठग्ने प्रवृत्तिमाथि कडा निगरानी आवश्यक छ ।

सरकारले बजार अनुगमनलाई औपचारिकता नबनाओस् । व्यवसायीले पनि चाडपर्वलाई उपभोक्ता ठग्ने अवसर नठानून् । उपभोक्ताले पनि सामान किन्दा मूल्य, गुणस्तर र म्याद जाँच्ने बानी बसालौं । दशैंको बजारमा व्यापारीको व्यापार बढोस्, तर उपभोक्ताको पीडा बढाएर होइन ।

विपत्तिपछि राहत मात्र होइन, पुन:जीवन चाहिन्छ । प्राकृतिक विपत्ति प्रकृतिको घटना भए पनि त्यसबाट हुने क्षति कम गर्न राज्यको तयारी र पूर्वाधारको ठूलो भूमिका हुन्छ । जोखिमयुक्त बस्तीको पहिचान, पूर्वसूचना प्रणाली, सुरक्षित सडक तथा पुल, व्यवस्थित बस्ती विकास र प्रभावकारी विपद् व्यवस्थापनमा अब ढिलाइ गर्नु हुँदैन ।

विपत्ति आएपछि राहत बाँड्नु आवश्यक छ, तर राहतले मात्र जीवन पुन:स्थापित हुँदैन । घर गुमाएकालाई घर चाहिन्छ, खेती गुमाएकालाई उत्पादनको अवसर चाहिन्छ, व्यवसाय गुमाएकालाई पुन: उठ्ने आधार चाहिन्छ र रोजगारी गुमाएकालाई आयआर्जनको बाटो चाहिन्छ । बाढीपहिरो पीडितलाई दशैंको एउटा प्याकेट राहत दिएर हाम्रो दायित्व पूरा हुँदैन । उनीहरूको जीवनमा फेरि उज्यालो फर्किएसम्म राज्य र समाज दुवैको जिम्मेवारी जारी रहनुपर्छ ।

दशैं केवल आफू खुसी हुने पर्व होइन, अरूको दु:ख बुझ्ने अवसर पनि हो । हाम्रो घरमा एक प्लेट खाना बढी पाक्छ भने त्यो छिमेकीसँग बाँड्न सकिन्छ । नयाँ कपडामा केही खर्च कम गरेर विपन्न बालबालिकालाई कपडा दिन सकिन्छ । अनावश्यक तडकभडक घटाएर विपत्तिमा परेका परिवारलाई सहयोग गर्न सकिन्छ । कसैको घरमा चुलो बलाउन सकिन्छ । यस्ता साना कामले कसैको जीवनमा ठूलो अर्थ राख्न सक्छ ।

दशैंको टीकाले निधार मात्र सजाउनु हुँदैन, सम्बन्ध पनि जोड्नुपर्छ । जमराले परम्परा मात्र धान्नु हुँदैन, नयाँ आशाको प्रतीक बन्नुपर्छ । पिङले मनोरञ्जन मात्र दिनु हुँदैन, दु:खबाट माथि उठ्ने साहस पनि दिनुपर्छ । हामीले खुसी मनाउँदा कसैको आँसु नबढोस् । हाम्रो उत्सव कसैको अभावमाथि उभिएको नहोस् ।

दशैं आउँछ, जान्छ । नयाँ कपडा पुराना हुन्छन् । भोजको स्वाद बिर्सिन्छ । बजारको चहलपहल सेलाउँछ । तर दु:खमा दिएको साथ, विपत्तिमा बढाएको हात र अभावमा बाँडेको मायाको सम्झना लामो समयसम्म रहन्छ । त्यसैले यसपटकको दशैंलाई महँगीसँग जुध्दै संयमित रूपमा, विपत्तिमा परेकालाई सम्झँदै मानवीय रूपमा र परिवारसँग आत्मीयता बाँड्दै मनाऔं ।

शान्तिको कामना गर्दै एउटा उज्यालो दीप बालौं । त्यो दीप हाम्रो घरका लागि मात्र होइन, अँध्यारोमा रहेका अरूका घरका लागि पनि बनोस् । बाढीपहिरोले घर गुमाएका परिवार, बेरोजगार युवा, दैनिक ज्यालादारी मजदुर, संघर्षरत किसान, विदेशमा पसिना बगाइरहेका नेपाली र जीवनसँग संघर्ष गरिरहेका हरेक नेपालीको आँगनमा दशैंको खुसी पुग्न सकोस् । दशैंको साँचो अर्थ महँगो सामानमा होइन, मनको सम्पन्नतामा छ । दशैंको साँचो खुसी ठूलो भोजमा होइन, बाँडिएको मायामा छ । र दशैंको साँचो विजय आफ्नो मात्र खुसीमा होइन, अरूको अनुहारमा मुस्कान ल्याउन सक्नुमा छ ।

यस वर्षको बडादशैं, शुभ दीपावली, नेपाल संवत् र छठ पर्वले हरेक नेपालीको घरमा सुख, शान्ति, स्वास्थ्य र आशा ल्याओस् । विपत्तिमा परेकालाई नयाँ सुरुआत गर्ने शक्ति मिलोस् । महँगीले थिचिएका परिवारलाई राहत मिलोस् । परदेशमा रहेका नेपाली सुरक्षित रहून् । किसानका खेतमा हरियाली छाओस् । श्रमिकका हातमा रोजगारी रहोस् ।

कसैको घरमा चुलो ननिभोस्, कसैको आँखामा आँसु नझरोस् र हरेक नेपालीले आफ्नो सामर्थ्यअनुसार भए पनि सम्मान र आत्मीयतासहित दशैं मनाउन पाऊन् । यही हो–यस कलमीको बडादशैंको शुभकामना ।

अवैध काठ बोकेका दुई वटा ट्रक नियन्त्रणमा

फिदिम/ अवैध रूपमा काठका गोलिया ओसारपसार गरिरहेका दुई वटा ट्रक प्रहरीले पाँचथरको मिक्लाजुङ गाउँपालिका-६ कन्याटार बजारबाट नियन्त्रणमा लिएको छ । इलाका प्रहरी कार्यालय खान्द्रुङबाट खटिएको प्रहरी टोलीले जाँच गर्ने क्रममा प्र. १-०२-००२ ख ०७८८ नम्बर र प्र. १-०२-००२ ख ०००३ नम्बरका ट्रक नियन्त्रणमा लिएको हो । दुवै ट्रकमा करिब पाँच(पाँच सय क्युफिट गरी एक हजार क्युफिट काठका गोलिया लोड गरिएको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रहरी नायब उपरीक्षक अनिष कुमार कर्णले जानकारी दिए ।

कृषि बजेटको आधाबढी हिस्सा रासायनिक मल अनुदानमै खर्च

दमक/ मुलुकको कृषि क्षेत्रमा बर्सेनि एउटा नसुल्झिएको विरोधाभास देखिन्छ- एकातिर सरकारले रासायनिक मल खरिदका लागि छुट्याउने अनुदानको बजेटले हरेक वर्ष ऐतिहासिक रेकर्ड तोडिरहेको छ, अर्कातिर 'खेती गर्ने समयमा मल पाइएन' भन्ने किसानको रोदन पनि उस्तै छ । कृषि बजेटको आधाभन्दा बढी हिस्सा रासायनिक मल अनुदानमै खर्च भइरहेको छ । राज्यको ढुकुटीबाट मल खरिदकै लागि अर्बौं रुपैयाँ बाहिरिँदा सरकारको वित्तीय व्यवस्थापनमा पनि चाप परिरहेको छ ।

तर, अनुदानको यो विशाल भ्वाङले न किसानको खेतमा समयमै मल पुऱ्याउन सकेको छ, न कृषि क्षेत्रको समग्र दिगो विकास नै हुन सकेको छ ।

हालै मात्र अर्थ मन्त्रालयले चालु आर्थिक वर्षका लागि मल खरिद गर्न विनियोजित बजेट ३२ अर्ब ४६ करोडले नपुगेपछि थप १० अर्ब रुपैयाँ सुनिश्चित गरेको छ । यो निर्णयसँगै चालु आव मल खरिदका लागि राज्यले बेहोर्ने कुल बजेट करिब ४२ अर्ब ४६ करोड रुपैयाँ नाघेको छ । बजेटको आकार यसरी फुक्दै जाँदा समग्र देशको अर्थतन्त्रले यो भार कहिलेसम्म थेग्न सक्छ भन्ने गम्भीर प्रश्न उब्जिएको छ ।

पाँच वर्षमा यसरी बढ्यो आयात र अनुदान ग्राफ

पछिल्लो एक दशकको तथ्यांक हेर्ने हो भने मल खरिदका लागि दिइने बजेट आकार करिब १० गुणा बढेको देखिन्छ । आव २०७३/७४ मा रासायनिक मल खरिदका लागि सरकारले जम्मा ४ अर्ब ८३ करोड विनियोजन गरेको थियो ।

महालेखा परीक्षकको प्रतिवेदनको पछिल्लो ५ वर्षको तथ्यांकले मल आयात र अनुदानमा भएको अस्वाभाविक उतारचढाव थप पुष्टि गर्छ । २०७८/७९ मा १ लाख ७७ हजार ५ सय २३ टन मल आयात हुँदा सरकारले १६ अर्ब ६१ करोड ५९ लाख अनुदान दिएको थियो ।

लगत्तै २०७९/८० मा आयात बढेर ४ लाख ७ हजार ३ सय ६३ टन पुग्यो भने अनुदान रकम झन्डै दोब्बर हुँदै ३१ अर्ब २० करोड ५३ लाख पुग्यो ।

यस्तै २०८०/८१ मा ४ लाख ६० हजार ७ सय १९ टन मल आयात गर्न २४ अर्ब ३४ करोड ५३ लाख रुपैयाँ अनुदान खर्च भयो । २०८१/८२ मा ४ लाख ८७ हजार टन मलका लागि २६ अर्ब ८१ करोड ९८ लाख खर्च भएको तथ्यांक छ ।

गत आव २०८२/८३ सम्म आइपुग्दा ५ लाख ६८ हजार टन मल आयात भएको छ भने अनुदान रकम ३४ अर्ब ५५ लाख रुपैयाँ कायम छ । यो आयात सबैभन्दा उच्च हो । गत वर्ष मन्त्रालयले ५ लाख ३८ हजार टन मल बिक्री भइसकेको जनाएको छ । चालु आव अर्थ मन्त्रालयले थप गरेको १० अर्ब जोड्दा विगत वर्षका बजेटलाई पनि तोडेर नयाँ रेकर्ड कायम भएको छ ।

ओझेलमा कृषिका अन्य एजेन्डा

बर्सेनि रासायनिक मलमा मात्रै खर्बौं खन्याउनुपर्दा कृषि मन्त्रालयका अन्य महत्त्वपूर्ण कार्यक्रमहरू बजेटविहीन जस्तै बन्न पुगेको कृषि, वन तथा पर्यावरण मन्त्रालयका अधिकारीहरूले बताउँदै आएका छन् । मन्त्रालयका सहसचिव डा. रामकृष्ण श्रेष्ठ मलको बढ्दो बजेटले राज्यको स्रोत व्यवस्थापनमै उच्च चाप परेको बताउँछन् ।

बिग्रँदैछ माटोको स्वास्थ्य

सहसचिव श्रेष्ठले माटोको स्वास्थ्य निरन्तर बिग्रँदै गएकाले अब प्रांगारिक र जैविक मल प्रयोग बढाउनुपर्नेमा जोड दिएका छन् । लामो समयदेखि रासायनिक मलमात्र प्रयोग गर्दा माटोको प्राकृतिक प्रक्रिया नै अवरुद्ध भएको उनको भनाइ छ ।

'रासायनिक मलले सिधै बिरुवालाई मात्र न्युट्रियन्ट दिन्छ, माटोलाई केही सहयोग गरेन, हामीले प्रांगारिक म्याटर (बायोमास) हाल्न छाड्यौं, जसले गर्दा माटो आफैंले न्युट्रियन्ट सप्लाई गर्ने र बनाउने प्राकृतिक प्रक्रिया नै अवरुद्ध भयो,' श्रेष्ठले भने, 'अब माटोलाई नै जीवित बनाएर माटोबाटै बिरुवाले तत्त्व लिन पाउने अवस्था बनाउनुपर्छ, त्यसका लागि प्रांगारिक, हरियो र कम्पोस्ट मलको सन्तुलित प्रयोग आवश्यक छ ।'

हाल २ सय ५० वटा पालिका र केही प्रदेश सरकारले हरियो मल प्रवर्द्धन र माटो सुधारका कार्यक्रम सुरु गरे पनि यो पर्याप्त नभएको उनले बताए । बिस्तारै दिगो र पर्यावरणीय कृषि पद्धति अपनाउँदै मलप्रतिको निर्भरता घटाउनुपर्छ ।'

लिंगे पिङ : संस्कृतिको सामूहिक उत्सव कि पर्यटनको नयाँ अभ्यास ?

✍ सुप्रिया राई

इटहरी/ दसैं आउँदा नेपाली समाजमा टीका, जमरा र नयाँ लुगासँगै एउटा दृश्य पनि निकै स्वाभाविक लाग्थ्यो–गाउँको चौर, टोलको खुला ठाउँ वा बस्तीको छेउमा ठडिएको लिङ्गे पिङ । दसैंको रौनकसँग जोडिएको यो पिङ केवल मनोरञ्जनको साधन थिएन, गाउँघरको सामाजिक जीवनलाई एक ठाउँमा जोड्ने अवसर पनि थियो ।

पिङ हाल्ने तयारी आफैंमा एउटा उत्सव हुन्थ्यो । कसैले काठ र बाँस खोज्थे, कसैले डोरीको जोहो गर्थे, कसैले खाल्डो खन्थे त कसैले पिङ ठड्याउने जिम्मेवारी लिन्थे । थोरै थोरै रकम संकलन गर्थे । गाउँ-टोलका युवाहरूको श्रम, समय र ऊर्जा यसमा खर्चिन्थ्यो । कामका क्रममा हुने हाँसो, ठट्टा र आपसी सहयोगले पिङलाई मनोरञ्जनभन्दा धेरै माथि उठाएर सामुदायिक सम्बन्ध जोड्ने माध्यम बनाउँथ्यो ।

तर समय फेरिएको छ । गाउँबाट युवा पलायन भइरहेका छन् । सहरमा खुला ठाउँ घट्दै गएको छ । पिङ बनाउन आवश्यक काठ, बाँस, डोरीजस्ता सामग्री सहजै उपलब्ध हुँदैनन् । सामूहिक श्रम र टोल-समुदायमा आधारित संस्कृति पनि क्रमशः कमजोर हुँदै गएको छ । यही बदलिँदो परिस्थितिबीच नेपाल पर्यटन बोर्डले दसैंलाई पर्यटनसँग जोड्दै देशका विभिन्न पर्यटकीय गन्तव्यमा लिङ्गे पिङ निर्माण तथा सञ्चालन गर्ने अभियान अघि सारेको छ ।

बोर्डको पर्यटन सम्पदा तथा पर्यटन विकास महाशाखाले स्थानीय तह तथा पर्यटनसम्बद्ध संघसंस्थासँगको सहकार्यमा काठमाडौं उपत्यकासहित विभिन्न पर्यटकीय क्षेत्रमा पिङ निर्माण गर्ने जनाएको छ । ललितपुर महानगरपालिका, कीर्तिपुर नगरपालिका, चाँगुनारायण नगरपालिका, भक्तपुर पर्यटन विकास समिति, ठमेल पर्यटन विकास समिति, होटल संघ नेपाल, ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाललगायतका निकायसँगको सहकार्यमा दसैं अवधिभर पिङ सञ्चालन गर्ने योजना छ ।

पर्यटनको दृष्टिले यो अभियान आकर्षक पहल हुन सक्छ । विशेषगरी सहरमा दसैंको मौलिक वातावरण अनुभव गर्न चाहने नेपाली तथा विदेशी पर्यटकका लागि लिङ्गे पिङ एउटा सांस्कृतिक आकर्षण बन्न सक्छ । सरकारी खर्चमा पर्यटन बोर्ड र सम्बद्ध निकायको एउटा काम पनि देखिएला तर त्यसको दुरगामी प्रभाव पार्छ कि पार्दैन भन्ने महत्वपूर्ण प्रश्न सँदैव रहन्छ, परम्पराको संरक्षण गर्ने नाममा परम्परालाई केवल पर्यटकीय प्रदर्शनमा सीमित त गरिँदै छैन ? प्रश्न अनुत्तरित नै रहन्छ । दसैंलाई केवल टीका र जमराको पर्वका रूपमा होइन, नेपाली जीवनशैली, परम्परा र सामुदायिक संस्कृतिको अनुभवका रूपमा प्रस्तुत गर्ने अवसर पनि यसले दिन सक्छ ।

गाउँमा पिङ हाल्नु र कुनै पर्यटकीय गन्तव्यमा पिङ निर्माण गर्नु एउटै कुरा होइन । परम्परागत पिङ गाउँका युवाको सामूहिक श्रम, लगानी र उत्साहबाट बन्थ्यो । पिङ हाल्नु आफैंमा एउटा सामाजिक प्रक्रिया थियो । गाउँ-टोलका युवाबीच भेटघाट, सहकार्य र भाइचाराको सम्बन्ध बलियो बनाउने अवसर थियो । पिङ तयार भएपछि त्यसमा रमाउनु त्यस प्रक्रियाको अन्तिम चरण मात्रै थियो ।

अब यदि पिङ निर्माणको सम्पूर्ण जिम्मेवारी संस्था वा परियोजनाले लिने हो भने त्यस सामूहिक श्रम र सहभागिताको संस्कार कमजोर हुन सक्छ । गाउँमा समेत 'पिङ त कसैले बनाइहाल्छ' भन्ने सोच विकसित भयो भने पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको अभ्यासमा असर पर्न सक्छ । त्यसैले पिङ जोगिनु मात्र पर्याप्त छैन, पिङसँग जोडिएको सामुदायिक संस्कार पनि जोगिनुपर्छ । यद्यपि सहरको सन्दर्भ फरक छ । यहाँ पिङ बनाउन आवश्यक सामग्री र ठाउँ जुटाउनु सहज छैन । व्यस्त जीवनशैलीका कारण सामूहिक रूपमा श्रमदान गर्ने पुरानो अभ्यास पनि कमजोर छ । यस्तो अवस्थामा पर्यटन बोर्डको पहलले नयाँ पुस्तालाई लिङ्गे पिङसँग पुनः जोड्ने काम गर्न सक्छ । जसको सह्राहना पनि गर्नुपर्दछ ।

त्यसैले बोर्डको अभियानलाई परम्पराको विकल्प होइन, परम्परालाई पुनर्जीवित गर्ने माध्यम बनाउन आवश्यक छ । पिङ हाल्ने मात्र होइन, त्यसको इतिहास, निर्माण प्रक्रिया, स्थानीय सहभागिता र सामुदायिक संस्कृतिलाई पनि पर्यटकीय गतिविधिसँग जोड्न सकिए अभियान अझ अर्थपूर्ण हुनेछ । लिङ्गे पिङ दसैंमा खेलिने एउटा साधारण खेल मात्र होइन । यो नेपाली समाजको सामूहिकता, श्रम, उमंग र भाइचाराको प्रतीक हो । पर्यटनका लागि पिङ ठड्याउँदा त्यसको उचाइसँगै त्यसको सांस्कृतिक अर्थ पनि जोगाउन सकियो भने मात्र यो अभियानले वास्तविक अर्थमा संस्कृति र पर्यटनबीचको पुलको काम गर्न सक्छ ।

स्वास्थ्य र खानपान



बालबालिकाको स्वास्थ राम्रो पार्न के गर्ने ?

दमक/ अभिभावकहरुले यदि आफ्ना, शिशु र छाराछोरीलाई माया गर्नुहुन्छ भने उनीहरुलाई धेरै नयाँनयाँ लुगा, नयाँ मोबाइल दिनुभन्दा उनीहरुको भोजन कति पौष्टिक छ भन्ने कुरामा बढी ध्यान दिनुपर्छ । साना शिशु र बालबालिकाको स्वास्थ राम्रो पार्न र उनीहरुलाई रोगसँग लड्ने शक्ति दिलाउन बाहिरका प्याकेटका खाना, सिसीमा राखेका महङ्गो खाना, उचाइ र बुद्धि बढाउने भनेर विज्ञापन गरिएका गलत खाना होइन, आफ्नो भान्छामा जे छ त्यसैलाई शिशुको रुचिअनुसार र उसले खानसक्ने गरी बनाएर दिनुपर्छ ।

अहिलेका बालबालिका आमाबुबाले माया गरेर बाहिरका खानेकुरा दिएको देख्दा दुःख लाग्छ । एउटा त यसले बच्चाको स्वाथमा नराम्रो असर पार्छ, अर्कोतिर बच्चाले जीवनभरको लागि घरको खानाभन्दा बाहिरको खाना उत्तम हुन्छ भन्ने सिक्छ । अनि युवावस्था नपुग्दै उच्च रक्तचाप, मधुमेहको शिकार हुन्छ । प्याकेटका खानेकुरालाई राम्रोसँग सुरक्षित राख्न बढी नून र चिनी दुबै हालेको हुन्छ । बच्चाको सानो मृगौलामा त्यसले नराम्रो असर पर्छ ।

जब स्कुल जाने केटाकेटीको खाना बट्टामा बाबुआमाले नै खाजाको रुपमा चाउचाउ, बिस्कुट, कुरमुरे, दुनोट हालेको देख्छु मेरो मन कटक्क काट्छ । कतिलाई त भन्ने गर्छु, "तपाईंले बच्चालाई मन परेको भनेर यस्ता खाना दिनुहुन्छ । तर यसले त बच्चालाइ मन्द विषको काम गर्छ । मिर्गौला, मुटु, आद्रा सबै विस्तारै खराब हुँदैं जान्छ ।" यसो भन्दा कतिले 'ए हो र १ हामीलाई थाहा थिएन' भनेर बच्चाको हातबाट खोस्छन् पनि, कतिले चाही पर्ल्लक्क आँखा पल्ट्याउँदै भन्छन्, 'तपाईलाई के चासो, मेरो छोराछोरीलाई म जे मन लाग्छ दिन्छु ।' कतिले चाँही "हो हामीलाई थाहा छ, तर के गर्नु बच्चाले रोएर, मान्दैमान्दैन, अनि दिक्क लागेर दिन्छु" भन्छन् । त्यस्ता बाबुआमालाई मेरो एउटै प्रश्न हुन्छ, "के तपाईको बच्चाले रक्सी र चुरोट खान्छु भनेर लडीबुडी गरे दिनुहुन्छ रु" तुरुन्तै जवाफ आउँछ, "अहँ, दिन्न नि, त्यो त स्वास्थ्यको लागि खराब हुन्छ ।" भन्छन् अनि म भन्छु" हो, त्यसरी नै यस्ता प्याकेटका खानाले तपाईंको बच्चालाई हानि गर्छ । भोलि स्वस्थ्य युवायुवती बन्नुको सट्टा उनीहरु रोगी बन्छन् ।"

गाउँ र शहरमा बालबालिका र शिशुको खानेकुरा भनेर महङ्गो बट्टा र प्याकेटमा बेचेको देख्दा प्रायः बाबुआमाले हो त नि त्यस्तै खाना बच्चालाई दिए बच्चा शारीरिक र मानसिक रुपमा स्वस्थ बन्छ भन्ने विचार राख्छन् । कतिले भन्छन् "हाम्रो भान्छामा त शिशुलाई खुवाउनयोग्य वस्तु नै छैन ।" अनि कतिचोटी सञ्चारमाध्यमहरुमा बजारका प्याकेटका खानाको विज्ञापन आउँछ, "बच्चा एक वर्षको भएपछि घरको खानाले पुग्दैन । घरको खानामा प्रोटीन र भिटामिन हुँदैन । त्यसैले प्याकेटका खाना नै खुवाउनुपर्छ ।

लघुकथा

✍ खगराज बराल

विश्वासको संकट

त्यस देशको भिसा सहजीकरण केन्द्र काठमाडौंमा थिएन । बाध्य भएर दिल्ली जानुपर्ने भयो । म एयर इन्डियाको उडानबाट दिल्ली पुगें । दिल्ली मेरा लागि अपरिचित शहर भने थिएन । केही पटकको ओहोरदोहोरले यहाँका सडक, भीड र हतार सामान्य भइसकेका थिए । भिसा सहजीकरण केन्द्र पत्ता लगाउन पनि कठिन भएन–गुगल म्यापले बाटो सजिलै देखाइदियो । कागजात बुझाएपछि पाँच दिन कुर्नुपर्ने भयो ।

चार दिनको खाली समय । कुनै निश्चित योजना थिएन । त्यही बेला मनमा एकाएक एउटा इच्छा पलायो–आग्राको ताजमहल हेर्ने । होटलको रिसेप्सनमा सोध्दा रेलमार्गबाट करिब ४ घण्टाको यात्रा रहेछ । योजना तत्कालै बन्यो ।

भोलिपल्ट बिहान म रेलवे स्टेसन पुगें । रेलयात्रा मेरो लागि नौलो अनुभव थियो । कुन ट्रेन, टिकट कहाँ, कसरी–सबै अनिश्चित । मनमा गाउँका पुराना कथाहरू झल्झली आए–भीडभाड, चोरी, ठगी, टिटी, जेल... अझ त्यसमाथि गाउँलेहरूले भन्ने गरेको एउटा वाक्य बारम्बार गुञ्जिरह्यो, "भारतमा त जिउँदो नेपालीलाई लासले पनि ठगिदिन्छ ।"

त्यही डर बोकेर मैले एक जना युवकलाई सोधेँ, "आगरा जाने के लिए कौन सी ट्रेन का टिकट बुक करें ?"

ऊ सहज मुस्कानसहित नजिक आयो, "मैं भी आगरा जा रहा हूँ, आइए साथ चलते हैं ।"

उसको सहजतामा पनि मलाई शङ्का लाग्यो । 'कहीं ठग त होइन ?' तर विकल्प पनि थिएन । म उसकै पछि लागेँ । उसले एक सय रुपये माग्यो । मनले नमान्दानमान्दै दिएँ ।

केही बेरमै ऊ फर्कियो–दुवैको सामान्य सिटको टिकट लिएर ।

"डिलक्स में बैठना है", उसले भन्यो, "टिटी के आने पर टिकट के साथ सौ रुपये दिखा देना, सब सेट हो जाएगा ।"

उसको योजना सुन्दा म झन् सशङ्कित भएँ । 'यो त पक्का ठग हो ।' त्यसैले मैले आफ्ना पैसाहरू अलग-अलग खल्तीमा सुरक्षित राखेँ ।

बन्दे भारत एक्सप्रेस नामको रेल आयो । उसले मलाई सिधै डिलक्स कोचमा पुर्‍यायो । ऊ आरामले सुत्ने तयारी गर्न थाल्यो । तर मलाई भने बाहिरको संसार हेर्ने उत्सुकता थियो । म सामान्य कोचतिर झरेँ र ढोकामा बसेर दृश्यहरू नियाल्न थालेँ ।

केही समयपछि टिटी आयो । मैले टिकटसँगै एक सय रुपैयाँ दिएँ । उसले चुपचाप पैसा लिएर अगाडि बढ्यो । म एकछिन चकित भएँ–'सुनेका कुरा यति सजिलै सत्य भए !'

आग्राको स्टेशन नजिकिँदै गर्दा त्यो युवक मलाई खोज्दै आयो ।

"टिटी आ गया?",ख उसले सोध्यो ।

मैले टाउको हल्लाएँ । ऊ हल्का मुस्कुरायो ।

उसले झोलाबाट सुन्तला निकालेर दिँदै भन्यो, "खाइए ।"

तर मेरो मन अझै खुल्न सकेन। 'कतै बेहोस बनाउने औषधि त सुईबाट हालेको त छैन?'

मैले इन्कार गरेँ । साटोमा स्याउ दिएँ । उसले बिना हिच्किचाहट खायो । मैले पनि खाएँ ।

स्टेसन आइपुग्यो । झर्ने बेला उसले फेरि सोध्यो, "आप कहाँ रुकेंगे ?"

मैले ताजमहल हेर्न आएको र होटल तय नभएको बताएँ ।

उसले तुरुन्त मोबाइलबाट गाडी बोलायो। चालकलाई भन्यो, "गेस्टको सीधे अच्छे और किफायती होटल में पहुँचाना, कोई असुविधा न हो ।"

उसले मलाई शुभकामना दियो र नमस्कार गर्दै भीडमा हरायो ।

ट्याक्सीले मलाई होटल ओभरायमा पुर्‍यायो। व्यवस्थित, शान्त र आरामदायी ठाउँ ।

तर, मनमा एउटा प्रश्न बारम्बार उठिरह्यो, म किन यति धेरै सशङ्कित भएँ ?

उसले त सुरुदेखि अन्त्यसम्म सहयोग मात्र गरेको थियो । तर मैले उसलाई विश्वास गर्न सकिनँ । न मैले उसको नाम सोधेँ, न परिचय, न सम्पर्क ।

मनोरञ्जन

फिल्म 'पाँच पाण्डव'मा द्रौपदी बनिन् इभा

दमक/ फिल्म 'पाँच पाण्डव' मा द्रौपदीको भूमिकामा इभा गिरी देखिने भएकी छन् । निर्माण युनिटले सार्वजनिक गरेको फिल्मको पोस्टरमा उनी द्रौपदी लुक्समा देखिएकी हुन् ।

रातो भेषमा हल्का गहनासहित सुन्दर देखिएकी द्रौपदीको लुक्सले दर्शकको ध्यान खिच्छ । महाभारतकी द्रौपदीको झल्को दिने रातो सोल्जर कट ब्लाउज र रातै सारीमा उनलाई देखाइएको छ । फिल्मको निर्देशन वसन्त निरौलाले गरेका हुन् ।

'हामीले फिल्ममा इभालाई द्रौपदीको क्यारेक्टरमा लिएका छौं', निरौलाले भने- 'जसरी उहाँ युवा पुस्तामा लोकप्रिय हुनुहुन्छ, हाम्रो फिल्मको क्यारेक्टरमा पनि त्यस्तै रुचाइनु हुन्छ भन्ने हाम्रो विश्वास छ ।'

तिहारको छेको पारेर कात्तिक २० गते (नोभेम्बर ६) देखि रिलिज हुने फिल्म अहिले पोस्ट प्रोडक्सन अन्तिम चरणमा छ । दर्शकले 'पाँच पाण्डव' हेर्दा फूल डल्बी एट्मस साउन्डको अनुभव गर्न पाउने निर्देशक निरौलाले बताए ।

काली रानी फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्ममा हरिवंश आचार्य, जितु नेपाल,

आर्यन सिग्देल, महेश त्रिपाठी, सुशील सिटौला मुख्य 'पाँच पाण्डव' को भूमिकामा छन् । त्यसैगरी, दीपाश्री निरौला, सरिता गिरी, विनोद न्यौपाने, रमा थपलिया, प्रशान्त ताम्राकार, इभा गिरी, सीता न्यौपाने, रितेश पौडेल (रितेशजंग खत्री) लगायतको पनि मुख्य भूमिका छ ।

फिल्मको प्रस्तुतकर्ता नवीन श्रेष्ठ र निर्मातामा काली रानी श्रेष्ठ हुन् । 'पाँच पाण्डव' मा कथा, पटकथा तथा संवाद सुशील पौडेलको रहेको छ । फिल्मले महाभारतका पाँच पाण्डवका चरित्र र बिम्बलाई प्रयोग गर्दै समकालीन नेपाली समाजको कथा प्रस्तुत गर्नेछ । 'पाँच पाण्डव' लाई रोहित कट्टेल र रत्न श्रेष्ठको आरआर फिल्मसले देशव्यापी वितरण गर्नेछ ।

नक्कली नोटको कारोबारमा पक्राउ

ओखलढुंगा/ओखलढुंगाको सुनकोशी गाउँपालिका-९, ककनीबाट बोका किनबेचको क्रममा नक्कली नोटको कारोबार गरेपछि प्रहरीले दुई जनालाई नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक राजबाबु महर्जनका अनुसार चम्पादेवी गाउँपालिकास्थित केउरिनीका २१ वर्षीय कृष्ण खत्री र ३३ वर्षीय ूवबहादुर खत्रीलाई नियन्त्रणमा लिइएको हो । उनीहरूले सुनकोशी-९ मा स्थानीय हस्तबहादुर तामाङ र वीरबहादुर तामाङबाट तीन बोका खरिद गर्दा रु २८ हजारको कारोबार गरेका थिए । सो क्रममा दुवै जनाले १९ हजार रुपैयाँ

बराबरको १९ थान हजार रूपैयाँको नक्कली नोट प्रयोग गरेको पाइएपछि उनीहरुलाई पक्राउ गरेको प्रहरी नायब उपरीक्षक महर्जनले जानकारी दिए ।

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

आज मिति
२०८३ साल
असोज २३ गते
शुक्रबार
9 Oct. 2026
तिथि: चतुर्दशी श्राद्ध

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	भाग्यको उदय । धन लाभ ।
वृष	इ उ ए ओ वा वि वु वे वो	यात्रामा दुःख । खर्चमा वृद्धि ।
मिथुन	का कि कु घ ङ छ के को हा	कार्यसिद्धि । पढाइमा रुचि ।
कर्कट	चु चे लो ला लि लँ ले लो अ	रोजगारीको अवसर । बोलीले काम बन्ने ।
सिंह	मा मि मु मे मो टा टि टु टे	आफन्तको सहयोग । धन लाभ ।
कन्या	टो प पी पँ ष ण ठ पे पो	अनावश्यक खर्च । शत्रुको भय ।
तुला	हि हु हे हो डा डि डु डे डो	आकस्मिक धनलाभ । आफन्तबाट सहयोग ।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	उपहार प्राप्ति । रोजगारीको अवसर ।
धनु	य यो भा भी भ धा फा ढ भे	कार्य सिद्धि । मान्यजनको सहयोग ।
मकर	भो जा जी खि खू खे खो गा गी	मनमा खिन्नता । स्वास्थ्यमा समस्या ।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ ।
मीन	दि दु थ झ ञ दे दो चा ची	आर्थिक प्रगति । मित्रबाट सहयोग ।

लोप हुँदै ठेकी बनाउने परम्परा

धनकुटा/ ठेकी बनाउँने परम्परा लोप हुँदै गएको छ । आधुनिक प्रविधि र विद्युतबाट चल्ने उपकरणको प्रयोग बढ्दै गएको अहिलेको समयमा पनि जिल्लाको केही ग्रामीण भेगमा परम्परागत सीप र प्रविधिको जगेर्ना भएपनि यो पुरानो प्रविधि लोप हुँदै गएको छ । विशेषगरी ठेकी निर्माणमा अहिले पनि पानी र चुदारोको प्रयोग गरिँदै आएको छ । यसले स्थानीय संस्कृति र परम्परालाई जीवन्त राखेको छ । महालक्ष्मी नगरपालिका वडा नं ४ का दीर्घबहादुर पौडेल एक वर्षमा करिब १०० ठेकी बनाउँदै आएका छन् ।

उनले फुर्सदका समयमा मात्रै ठेकी बनाउने काम गर्दै आएको बताए । खेतीपातीको याममा लगाउने र बाली उठाउने यामबाहेकका समयमा ठेकी बनाउने काम गर्दै आएको उनको भनाइ छ । उनले बनाउने ठेकी सानोदेखि ठूलो आकारसम्मका हुन्छन् । यसमा दुईदेखि ३८ कुरूवासम्म अट्ने क्षमता ठेकी बनाउँदै आएको उनको भनाइ छ । ठेकीसँगै पौडेलले तोङ्वा, खाने भाँडो र हर्पेसमेत बनाउने गरेको बताउछन् ।

परम्परागत तरिकाले बनाउँदा ठेकीप्रति कुरूवा ३०० रूपैयाँका दरले बिक्री हुने गरेको छ । सानो दुई कुरूवा अट्ने ठेकी ६०० र ३८ कुरूवा अट्ने ठेकी करिब ११ हजार ४०० मा बिक्री हुँदै आएको छ । यसबाट वार्षिक रूपमा करिब छ लाखसम्मको आम्दानी गर्दै आएको बताए ।

कालिगढ पौडेलका अनुसार, बिजुलीबाट बनाइने ठेकीभन्दा परम्परागत ठेकीप्रति कुरूवा करिब १०० रूपैयाँ सस्तो पर्ने गरेको छ । त्यसैले बजारमा परम्परागत रूपमा चुदारोको प्रयोग गरेर बनाइएको ठेकीको माग राम्रो रहेको छ ।

ठेकी निर्माण प्रक्रिया निकै रोचक र मेहनतपूर्ण छ । नजिकैको खोलाबाट ल्याइएको पानीलाई करिब पाँच मिटर माथिबाट झारेर साचो घुमाइन्छ । त्यसपछि सो साचोमा काठ राखेर चुदारोको सहायताले काँचो काठलाई बिस्तारै आकार दिइन्छ । यसरी तयार गरिने ठेकीमा कालिगढको सीप र कलात्मकता स्पष्ट देखिन्छ ।

ठेकी बनाउन मुख्यतः दार र कटहरका रूखको काठ प्रयोग गर्दा उपयुक्त मानिन्छ । दार र कटहरका काठबाट बनाइएको ठेकी दूध जमाउँदा दही र मोही मीठो हुन्छ भन्ने मान्यता रहेको छ । तर, पछिल्लो समय काठ र चुदारोको अभावका कारण यो परम्परा हराउँदै जाने चिन्ता बढ्दो छ ।

महालक्ष्मी -४ का वडाध्यक्ष शुक्रराज बूढाथोकीका अनुसार, गाउँमा बिजुली पुगे पनि ठेकी निर्माणमा पुरानै विधि अपनाइँदै आएको छ । पानी र चुदारोको प्रयोग गरेर ठेकी मात्र नभई कुटानी-पिसानीको मिलसमेत सञ्चालनमा रहेको उनले बताए ।

उनका अनुसार गाउँमा केही समयअघि विद्युत्बाट चल्ने ठेकी बनाउने मेसिन आएको भए पनि दीर्घकालीन सञ्चालन हुन सकेन । बूढाथोकीले पानी र चुदारोको प्रयोगबाट उत्पादन हुने सामग्री सस्तो पर्ने मात्र होइन, वातावरणमैत्री र दिगो पनि हुने बताए ।

यसले स्थानीय सीप, परम्परा र पहिचानलाई संरक्षण गर्न महत्वपूर्ण भूमिका खेलेको छ । बूढाथोकीले परम्परागत सीपलाई आधुनिक प्रविधिसँग समन्वय गर्दै संरक्षण र प्रवर्द्धन गर्न नगरपालिकाले काम गरिरहेको जानकारी दिए ।

अन्तर्राष्ट्रिय

भारतमा बढ्यो ब्याजदर

भारत/ भारतीय केन्द्रीय बैंक आरबीआईले रिपो दर ०.२५ प्रतिशत बिन्दुले बढाएको छ । हाल ५.२५ प्रतिशत रहेको रिपो दर ५.५० प्रतिशत कायम भएको छ । नीतिगत दरकै रूपमा भारतमा रिपो दरलाई लिइने गरिन्छ । यसकै आधारमा बैंक तथा वित्तीय संस्थाको ब्याजदर तय हुने गर्छ ।

आरबीआई मोनिटरी पोलिसी कमिटीले मूल्यवृद्धि नियन्त्रणको प्रयासका लागि भन्दै रिपो दर केही बढाएको हो । मध्यपूर्व क्षेत्रमा बढ्दो तनावले तेलको मूल्य महँगिरहेको अवस्थामा त्यसले समग्र मूल्यवृद्धि बढ्न दबाब पुगिरहेको छ ।

रिपो दर बढेसँगै भारतका बैंक तथा वित्तीय संस्थालाई ब्याजदर बढाउन दबाब पुग्ने छ । भारतमा घरजग्गा, सवारीसाधन लगायत खरिदमा अब बैंक तथा वित्तीय संस्थाबाट ऋण लिँदा लागत केही महँगिन जानेछ ।

मलेसियामा वायु प्रदूषण बढेपछि विद्यालय बन्द

एजेन्सी/ मलेसियाको जोहोर राज्यमा वायु प्रदूषणको स्तर बढेपछि विद्यार्थीको स्वास्थ्य र सुरक्षालाई ध्यानमा राख्दै बिहीबार र शुक्रबार सबै विद्यालय बन्द गरिएको छ । राज्यका विभिन्न क्षेत्रमा पछिल्ला दिनमा धुवाँ बढ्नुका साथै वायु गुणस्तर लगातार बिग्रिएपछि सावधानीस्वरूप विद्यालय बन्द गर्ने निर्णय गरिएको हो । जोहोर शिक्षा तथा सूचना समितिका अध्यक्ष मुहम्मद नकीब मोहम्मद गजालीले बुधबार जारी गरेको विज्ञप्तिमा विद्यार्थीको स्वास्थ्य र सुरक्षाको संरक्षणका लागि विद्यालय बन्द गरिएको जनाएका छन् । विद्यालय बन्द हुँदा जोहोरका एक हजार १९८ विद्यालय प्रभावित भएका छन् । यसबाट ६ लाख १७ हजार २५८ विद्यार्थीको नियमित पठनपाठन प्रभावित भएको छ ।

दमक मामाचोकमा अर्गानिक तरकारी र खाजाघर सञ्चालनमा

दमक । पाँचथरको रवि बजारमा उत्पादन हुने अर्गानिक तरकारी अब दमकवासीले स्थानीय बजारमै खुद्रा मूल्यमा किन्न र त्यसै उत्पादनबाट बनेका मौलिक पहाडी परिकारको स्वाद लिन पाउने भएका छन् । यसका लागि दमक-५ स्थित मामाचोक नजिकै 'पहाडे अर्गानिक भान्साघर' तथा 'पहाडे अर्गानिक हब' सञ्चालनमा आएको छ । पाँचथरको रवि बजारका रबिन चाम्लिङ राईले सञ्चालनमा ल्याएको भान्साघर तथा अर्गानिक हबको होटल व्यवसायी महासंघ, कोशी प्रदेशका अध्यक्ष राजन दङ्गालले उद्घाटन गरेका छन् ।

होटल सञ्चालक राईले लामो समयदेखि पाँचथरमा उत्पादन भएका अर्गानिक तरकारी दमक ल्याएर उपभोक्तालाई उपलब्ध गराउँदै बर्ता । त्यसैलाई थप व्यवस्थित गर्दै अब आफ्नै व्यवसायमार्फत ताजा तरकारी बिक्रीसँगै स्थानीय तथा परम्परागत खानाका परिकार उपलब्ध गराउने उद्देश्यले भान्साघर र हब सञ्चालनमा ल्याइएको जानकारी गराए ।

कार्यक्रममा दमक उद्योग वाणिज्य संघकी कार्यसमिति सदस्य तथा अम्बिका माछा फ्राईकी सञ्चालिका डुका कुमाल, दमक तेक्वान्दो डोजाङका अध्यक्ष जितु धिमाल, स्थानीय व्यवसायी, सञ्चारकर्मी, आफन्त तथा भान्साघरमा कार्यरत कर्मचारीलगायतको उपस्थिति थियो । सञ्चारकर्मी अनिलदेव राईले उद्घाटन कार्यक्रम सञ्चालन गरेका थिए ।

प्रदेश-स्थानीय चुनाव एकैसाथ हुनेमा अन्योल

दमक । प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीले स्थानीय तहको आगामी निर्वाचनको तयारी भइरहेको बताए । उनले स्थानीय तहको निर्वाचन मिति सरकारले आयोगसँगको परामर्शमा तोक्ने स्पष्ट पारे ।

आगामी वैशाखमा स्थानीय तहको कार्यकाल सकिने भएकाले संवैधानिक व्यवस्थाअनुसार निर्वाचन हुने उहाँको भनाइ छ। स्थानीय तह र प्रदेशको निर्वाचन एकैसाथ गर्नेबारे भने अहिले नै भन्न नसकिने उनले बताए ।

नमस्ते बचत तथा ऋण सहकारी संस्था लि. गौरादह झापाको

कर्जा चुक्ता गर्ने सम्बन्धी १५ दिने सार्वजनिक सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८३ असोज २३ गते शुक्रवार पूर्वसन्देश दैनिक

यस नमस्ते बचत तथा ऋण सहकारी संस्था लि.गौरादह बाट विभिन्न उद्देश्यमा ऋण लिएका तपसिलका ऋणी सदस्यहरुले संस्थासँग गरेको ऋण सम्झौता अनुसार कर्जाको तिनुपर्ने किस्ता , ब्याज तथा कर्जा लिँदा कर्जा स्वीकृत पत्र अनुसारको सर्त कबुलियत उल्लघंन भएको र पटक पटक मौखिक एवम् लिखित तार तागेता गर्दा समेत कर्जा तिर्न आलटाल गरेकाले यो दोस्रो पटक १५ दिने सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र ऋण चुक्ता नगरेमा कर्जा लिने ऋणी र सो कर्जाको जमानी बस्ने जमानतकर्ताहरुको कानुनी दायित्व बराबर हुने भएकोले, दुवै पक्षको घरघराना , नाममा रहेको चल अचल सम्पत्ति, बैंक खाता तथा सेयरहरु सहकारी ऐन बमोजिम रोक्का राखि , उक्त जायजेथाबाट संस्थाले लिनुपर्ने सम्पूर्ण रकम असुल उपर गरिनेछ। साथै ऋणी तथा जमानीकर्ता दुवै पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुका साथै सहकारी कर्जा असुली न्यायधिकरण मार्फत प्रचलित कानुन बमोजिम कडा कानुनी कारबाही अघि बढाईने व्यहोरा यसै सूचनाद्धारा अवगत गराईन्छ ।

सि. नं.	ऋणीको विवरण	ऋणीको फोटो	जमानीकर्ताको नाम	जमानीकर्ताको फोटो
१	ऋणीको नाम : हरि थापा ना.प्र.नं.: २८८१/३८८१ सुनसरी सदस्यता नं.:०१०२६१४ बाबुको नाम : कृष्ण व.थापा बाजेको नाम : नर ब.थापा ठेगाना : गौरादह ०७		नाम : लक्ष्मी माया श्रेष्ठ बाबुको नाम : लक्ष्मी प्र.श्रेष्ठ नाता : श्रीमती ठेगाना : गौरादह ०७	
२	ऋणीको नाम : लक्ष्मी माया श्रेष्ठ ना.प्र.नं.: ४२३१,३१५५ झापा सदस्यता नं.: ०१०२४९५ बाबुको नाम : लक्ष्मी प्र.श्रेष्ठ बाजेको नाम : राम प्र.श्रेष्ठ ठेगाना : गौरादह ०७		नाम : हरि थापा बाबुको नाम : कृष्ण व.थापा नाता : श्रीमान ठेगाना : गौरादह ०७	
३	ऋणीको नाम : हरी वर्देवा ना.प्र.नं.: ९२१० झापा सदस्यता नं.: ०१०२७५१ बाबुको नाम : डिल्लीराम वर्देवा बाजेको नाम : खड्ग ब.वर्देवा ठेगाना : गौरादह ०२		नाम : सञ्जु वर्देवा बाबुको नाम : हस्त व.सुन्दास नाता : श्रीमती ठेगाना : गौरादह ०२	
४	ऋणीको नाम : कृष्ण प्र.राजवंशी ना.प्र.नं.: ०४३०३४/२५६ झापा सदस्यता नं.: ०१०३७०९ बाबुको नाम : तुल प्र.राजवंशी बाजेको नाम : भजनलाल राजवंशी ठेगाना : गौरादह ०७		नाम : सरिता राजवंशी बाबुको नाम :गोपाल राजवंशी नाता : श्रीमती ठेगाना : गौरादह ०७	
५	ऋणीको नाम : कर्ण ब.देवकोटा ना.प्र.नं.: २/१७१८ बर्दिया सदस्यता नं.: ०१०२०११ बाबुको नाम : देवी प्र.देवकोटा बाजेको नाम : धन प्र.देवकोटा ठेगाना : वितामोर्ड ०३		नाम : पारु देवकोटा बाबुको नाम : पृतम खड्का नाता : श्रीमती ठेगाना : वितामोर्ड ०३	
६	ऋणीको नाम : पारु देवकोटा ना.प्र.नं.: ०४१००५/०४३ झापा सदस्यता नं.: ०१०२५७५ बाबुको नाम : पृतम खड्का बाजेको नाम : बुद्धिलाल क्षेत्री ठेगाना : वितामोर्ड ०३		नाम : कर्ण ब.देवकोटा बाबुको नाम :देवी प्र.देवकोटा नाता : श्रीमान ठेगाना : वितामोर्ड ०३	
७	ऋणीको नाम : प्रमिला परियार ना.प्र.नं.: ०४२०४७/७२८ झापा सदस्यता नं.: ०१०४१०४ बाबुको नाम : पूर्ण ब.परियार बाजेको नाम : रञ्जित परियार ठेगाना : गौरादह ०३		नाम : डम्बर रनपेली बाबुकोनाम:श्यामकाजी रनपेली नाता : श्रीमान ठेगाना : गौरादह ०३	

कृषिमा.... बहस फेरि तातेको छ ।

विगतका धेरै सरकारले बजेटमै मल कारखानाको कुरा राखे पनि ती गफमै सीमित थिए । तर, वर्तमान सरकारले भने यसलाई उच्च प्राथमिकतामा राखेको जनाएको छ ।

आव २०६८/६९ मा तत्कालीन अर्थमन्त्री भरतमोहन अधिकारीले रासायनिक मल कारखाना स्वदेशमै खोल्न प्रोत्साहित गर्न त्यसलाई चाहिने ऊर्जाका लागि १ सय मेगावाटसम्म ऊर्जा उत्पादन गर्ने घोषणा गरेका थिए ।

त्यसपछि २०७०/७१ मा शंकरप्रसाद कोइरालाले कारखाना स्थापना गर्न विस्तृत सम्भाव्यता अध्ययन गर्ने उल्लेख गरे । २०७३/७४ को बजेटमा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सरकारी, निजी र सहकारीको सहकार्यमा रासायनिक र प्राङ्गारिक मल कारखाना तथा जैविक विषादी कारखाना नै स्थापना गर्ने महत्त्वाकांक्षी योजना सुनाएका थिए ।

फेरि उनै पौडेलले २०७८/७९ मा ३ वर्षभित्र रासायनिक मल कारखाना स्थापना गर्ने गरी प्रारम्भिक कार्य अघि बढाइने आश्वासन दोहोऱ्याए ।

यसैगरी २०७९/८० मा अर्थमन्त्री जनार्दन शर्माले ग्रिन हाइड्रोजन र ग्रिन एमोनिया विधि प्रयोग गरी लगानी बोर्डमार्फत कारखाना स्थापना कार्य अघि बढाउने घोषणा गरे भने २०८०/८१ मा डा. प्रकाशशरण महतले सार्वजनिक(निजी साझेदारीमा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरी लगानी बोर्डमार्फत नै काम अघि बढाउने उल्लेख गरे ।

फेरि २०८२/८३ को बजेटमा समेत अर्थमन्त्री विष्णुप्रसाद पौडेलले लगानी बोर्डमार्फत रासायनिक मल कारखाना स्थापना गर्न आवश्यक तयारी गरिने पुरानै प्रकृतिको आश्वासन समेटेका थिए ।

चाडपर्वमा... तर अहिले बजारमा नौनीको भाउ बढाएर प्रतिकेजी ९५० देखि १ हजार रूपैयाँ र घिउको भाउ १२ सय ५० देखि १३ सय रूपैयाँसम्म पुऱ्याइएको छ ।

बजारमा देखिएको यो अभावबारे भने सरकारी निकाय र निजी डेरी उद्योगीका आ-आफ्नै तर्क छन् । सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डीडीसी)ले दुध उत्पादनमै भारी गिरावट आएको दाबी गरेको छ । डीडीसी अन्तर्गतको विराटनगर दुग्ध वितरण आयोजनामा हाल घिउ, नौनी र पाउडर दुधको मौज्दात रित्तिएको छ ।

विराटनगर दुग्ध वितरण आयोजनाका प्रमुख नवीनकिशोर शर्माले किसानस्तरमै दुध उत्पादन घटेका कारण यस्तो अवस्था आएको बताए । 'घिउको त अहिले समस्या नै छ, बटर (मक्खन) अहिले छँदै छैन । अहिले जति माग आएको छ, हामीले कसैलाई फर्काएका त छैनौं, तर भनेको अनुसार जति दिन सकिएको छैन । हामीसँग अब मक्खनको स्टक छैन,' शर्माले भने, 'पाउडर पनि छैन, पाउडर पनि सकियो ।'

आयोजना प्रमुख शर्माले हरेक ३(४ वर्षमा आउने उत्पादन चक्र (साइकल)का कारण अभाव देखिएको बताए । 'यो अहिलेमात्र भएको होइन, हरेक तीन-चार वर्षमा एउटा साइकल आउँछ, जतिबेला दुधको उत्पादन नै कम हुन्छ । ३ वर्ष अगाडि पनि यस्तै साइकल आएको थियो । त्यतिबेला पनि हामीसँग मक्खन र पाउडर आउट अफ स्टक भएको थियो,' उनले भने । प्राइभेट डेरीमा पनि उस्तै अवस्था रहेको उनको भनाइ छ ।

शर्माले विगतको तुलनामा दुध संकलन पनि कम भएको बताए । 'अहिले दैनिक करिब ७ हजार लिटरमात्र दुध संकलन भइरहेको छ । पछिल्लो ४(५ वर्ष यता सिजन (फ्लस सिजन) मा १७(१८ हजार लिटर र लिन (अफ(सिजन) मा दुध नभएको बेला ६-७ हजार लिटरको हाराहारीमा मात्र संकलन हुने गरेको छ,' उनले भने ।

कच्चा दुधकै अभावले गर्दा हप्तामा दुई(तीन दिन चल्ने विराटनगरको पाउडर प्लान्ट अहिले मुस्किलले हप्ताको एक दिनमात्र चलाउने गरिएको छ ।

डीडीसीले उत्पादन चक्रलाई दोष दिइरहँदा पूर्वी नेपालको ठुलो निजी डेरी 'सूर्योदय डेरी' का सञ्चालक मनोज यादव भने उत्पादन नघटेको दाबी गर्छन् । उनका अनुसार भारतबाट हुने अनधिकृत आयात रोकिएपछि नेपाली उत्पादनमा चाप परेको हो ।

कच्चा दुध, पाउडर र बटर भारतबाट आउन रोकिएपछि आन्तरिक माग धान्न गाह्रो भएको उनले बताए । चाडपर्वहरु एकपछि अर्को गरी लगत्तै पर्नुले पनि अभाव देखिएको उनको विश्लेषण छ । १०-१५ दिनपछि फेरि सहज हुने उनले बताए ।

झापामा... राजस्व चुहावट नियन्त्रणसँगै सशस्त्र प्रहरीले सीमा क्षेत्रमा हुने लागुऔषध ओसारपसार नियन्त्रणका लागि समेत निगरानी बढाएको जनाएको छ । चालु आर्थिक वर्षको हालसम्म झापाका विभिन्न सीमा क्षेत्रबाट ५८ दशमलव ८९ ग्राम खैरो हेरोइन बरामद गरिएको छ। लागुऔषध ओसारपसारमा संलग्न दुई महिलासहित १५ जनालाई आवश्यक कारबाहीका लागि नेपाल प्रहरीको जिम्मा लगाइएको सशस्त्र प्रहरी बलका सूचना अधिकारी सुजित विष्टले जानकारी दिए ।

यसैगरी, नदीजन्य पदार्थको नियमविपरीत उत्खनन तथा ओसारपसारमा प्रयोग भएका २६ वटा सवारीसाधनसमेत नियन्त्रणमा लिइएको छ । ती सवारीसाधनबाट ६ लाख ५० हजार रूपैयाँ जरिवाना गरिएको विष्टले बताए ।

उर्लाबारी नगरपालिकाको साधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०९बस्ने पुष्पा मगरको नाममा दर्ता कायम रहेको राजघाट-८/ग को कि.नं. ४४३ ज.वि. ०-१-०-० मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा दक्षिण तर्फ सँधियार तुलसी पालुङवा उपस्थित नहुनु भएको हुदा उहाँलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ।

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५८०२८२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com